# बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड
## प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८१

पहिलो संशोधन : मिति २०८२।०३।१०

**प्रस्तावना :** बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत खुल्ला प्रतिस्पर्धाको आधारमा व्यवस्थित, पारदर्शी र निष्पक्षरुपमा छनौट गरी नियुक्तिका लागि कम्पनीको नियमावलीको नियम ३६ को प्रयोजनको लागि समितिले देहायको कार्यविधि बनाई लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कम्पनी" भन्नाले कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड सम्झनु पर्छ।

(ख) "छनौट समिति" भन्नाले कम्पनीको नियमावलीको नियम ३६ को उपनियम (१) मा व्यवस्था भए बमोजिम कम्पनीको प्रमुख कार्यकारी अधिकृत नियुक्तिका लागि समितिले गठन गरेको छनौट समिति सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको नियमावली, २०७९ सम्झनु पर्छ।

(घ) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले कम्पनीको नियमावलीको नियम ३६ को उपनियम (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सम्झनु पर्छ।

(च) "समिति" भन्नाले कम्पनीको नियमावलीको नियम २७ बमोजिम गठन भएको कम्पनीको सञ्चालक समिति सम्झनु पर्छ।

**३. छनौट समिति :** (१) समितिले प्रमुख कार्यकारी अधिकृतको छनौटको लागि देहाय बमोजिमको छनौट समिति गठन गर्नेछ।

(क) कम्पनीको सञ्चालक समिति अध्यक्ष वा निजले तोकेको सदस्य - संयोजक
(ख) सहसचिव, श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय - सदस्य
(ग) सञ्चालक समितिले तोकेको विषय विज्ञ - सदस्य
(घ) सञ्चालक समिति सदस्य मध्येबाट एक जना - सदस्य

(२) छनौट समितिले आवश्यकता अनुसार छनौट प्रक्रियामा सहयोग गर्न विज्ञ, मन्त्रालय वा अन्तर्गतको निकायको कर्मचारीको सहयोग लिन र छनौट समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) छनौट समितिले योग्यताक्रम अनुसार बढीमा तीन जना उम्मेदवारको नाम सञ्चालक समिति समक्ष सिफारिस गर्नुपर्नेछ।

(४) छनौट समितिले यस कार्यविधिमा उल्लेख नभएको विषयहरु समेट्ने गरी छुट्टै कार्य सञ्चालन विधि बनाउन सक्नेछ। छनौट समितिले आफ्नो कार्य सम्पन्न गरेपछि यस सम्बन्धी सम्पूर्ण कागजातहरु सिलबन्दी गरी कम्पनीमा बुझाउनु पर्नेछ।

**४क. प्रमुख कार्यकारी अधिकृत हुन चाहिने योग्यता: (१)** प्रमुख कार्यकारी अधिकृतको पदमा दरखास्त दिन देहाय बमोजिमको योग्यता हुनु पर्नेछः

क) नेपाली नागरिक,

ख) ४० वर्ष उमेर पूरा भई ६१ वर्ष ननाघेको,

ग) मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यवस्थापन वा इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर उत्तीर्ण गरी पूर्बाधार सहित व्यवस्थापकीय पदमा कम्तीमा १२ वर्षको कार्य अनुभव भएको वा सो सरहको उपाधि हासिल गरी पूर्वाधार क्षेत्रमा पूर्णकालीन अध्यापन वा अध्ययन अनुसन्धान गरी १२ वर्षको अनुभव हासिल गरेको,

तर कुनै शैक्षिक उपाधि हासिल गर्ने गरी गरिएको अध्ययन अनुसन्धानलाई अनुभवको रुपमा मान्यता दिइने छैन,

घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

ङ) प्रचलित कानून बमोजिम कालो सूची वा दामासाहीमा नपरेको,

च) कर चुक्ता प्रमाणपत्र पाएको,

छ) आफू वा आफ्नो एकाघरको परिवारको सदस्य विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारमा संलग्न अन्य कुनै कम्पनी वा त्यस्तो कम्पनीको सहायक कम्पनी, फर्म वा संस्थाको संस्थापक शेयर धनी वा सञ्चालक, लेखापरीक्षक वा सल्लाहकारको हैसियतमा संलग्न नरहेको वा त्यस्तो हैसियतबाट अलग भई सकेको।

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि शेयर धनी भन्नाले सम्बन्धित कम्पनीको कम्तीमा एक प्रतिशत शेयर स्वामित्व रहेको व्यक्ति सम्झनु पर्छ।

(२) योग्यता पुगेको व्यक्तिले अनुसूची २ बमोजिम स्वःघोषणा गर्नु पर्नेछ।

**४ख. अयोग्यता :** देहायको व्यक्ति प्रमुख कार्यकारी अधिकृतको पदको लागि उम्मेदवार हुन पाउने छैन।

(क) गैर नेपाली नागरिक,

(ख) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(घ) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको वा दामासही नपरेको वा त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन बर्ष पूरा नभएको,

(ङ) आफू वा आफ्नो एकाघरको परिवारको सदस्य विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारमा संलग्न अन्य कुनै कम्पनी वा त्यस्तो कम्पनीको सहायक कम्पनी, फर्म वा संस्थाको संस्थापक शेयरधनी वा सञ्चालक, लेखापरीक्षक वा सल्लाहकारको हैसियतमा संलग्न नरहेको वा त्यस्तो हैसियतबाट अलग भई सकेको,

(च) व्यक्तिगत बेरुजू वा सरकारी रकम बक्यौता रहेको र कर चुक्ता प्रमाणपत्र नपाएको,

(छ साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(ज) कुनै राजनीतिक दलको सदस्य वा पदाधिकारी भएको।

**५. दरखास्त आह्वान गर्नुपर्ने :** (१) कम्पनीमा प्रमुख कार्यकारी अधिकृतको पदपूर्तिका लागि छनौट समितिले कम्तीमा १५ (पन्ध्र) दिन समयावधि दिई दरखास्त आह्वानको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेछ र सो सूचना कम्पनीको वेवसाइटमा समेत राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र ३ (तीन) वटा भन्दा कम दरखास्त परेमा उक्त दरखास्तलाई कायमै राखी पुनः ७ (सात) दिनको समयावधि दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र सो सूचना कम्पनीको वेवसाइटमा समेत राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम थपिएको म्याद सहितको अवधिमा कायम हुन आउने दरखास्तको सूची कम्पनीको वेवसाइटमा राखी सूचीमा परेका उम्मेदवारहरुको छनौटको प्रक्रिया अगाडि वढाउनु पर्नेछ।

**६. दरखास्त दस्तुर र दरखास्त बुझाउने स्थान :** (१) दरखास्त दिने उम्मेदवारले दरखास्त शुल्कबापत रु/- ५००० (अक्षरुपी पाँच हजार रुपैयाँ मात्र) बुझाउनु पर्नेछ।

(२) उम्मेदवारले बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको कार्यालयमा दरखास्त सहित माग भएको कागजातहरु पेश गर्नुपर्नेछ।

**७. दरखास्त आह्वानको सूचनामा खुलाउनु पर्ने विषयहरु :** (१) दफा ५ बमोजिम प्रकाशन गरिने दरखास्त आह्वानको सूचनामा देहाय बमोजिमका विषयहरु खुलाउनु पर्नेछ :-

(क) दरखास्त पेश गर्ने मिति, समय, स्थान, दस्तुर र माध्यम,

(ख) उम्मेदवारको उमेरको हद,

(ग) शैक्षिक योग्यता,

(घ) कार्य अनुभव,

(ङ) व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनाको तीन प्रति,

(च) विस्तृत वैयक्तिक विवरण,

(छ) उम्मेदवारले प्रमुख कार्यकारी अधिकृत पदको लागि अयोग्य नभएको भनी स्वयंले गरेको घोषणा,

(ज) मूल्याङ्कनका आधार तथा छनौट प्रकृया,

(झ) पदको कार्य विवरण,

(ट) पारिश्रमिक र अन्य सुविधा (कम्पनीको नियमानुसार),

(ठ) कार्य सम्पादन सम्झौता गर्नु पर्ने विषय,

(ड) पदावधि,

(ढ) दफा ८ अनुसारका दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरू,

(ण) अयोग्यता

**८. दरखास्त तथा दरखास्तसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु :** (१) उम्मेदवारले दरखास्तसाथ देहाय बमोजिमका कागजात र विवरणहरु पेश गर्नु पर्नेछ :-

(क) अनुसूची १ बमोजिमको ढाँचामा उम्मेदवारको दरखास्त फाराम

(ख) दरखास्त दस्तुर तिरेको भौचर वा रसिद

(ग) नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, कार्य अनुभव प्रमाणित हुने कागजातको प्रतिलिपिहरु

(घ) व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजना

(ङ) अनुसूची २ बमोजिमको स्वघोषणा

(च) वैयक्तिक विवरण

(छ) अन्य विवरणहरु

(२) उम्मेदवारको दरखास्त फाराम, दरखास्त दस्तुर तिरेको भौचर वा रसिद, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, कार्य अनुभव प्रमाणित हुने कागजातको प्रतिलिपिहरु, स्वघोषणा, वैयक्तिक विवरण र अन्य विवरणहरु खाम (क) र व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजना खाम (ख) मा सिलबन्दी गरी खाम बाहिर उम्मेदवारको नाम, ठेगाना, फोन नं. र सहीछाप गरी सूचनामा तोकिएको म्यादभित्र कम्पनीको कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

(३) उम्मेदवारले पेश गर्ने प्रतिलिपि कागजातको प्रत्येक पानामा सक्कल बमोजिम नक्कल ठिक छ भनी आफैले दस्तखत गरी प्रमाणित गर्नु पर्नेछ।

(४) उम्मेदवारले अनुसूची १ बमोजिमको दरखास्त फारामको बुँदा नं ११ शैक्षिक योग्यतामा उल्लेख गरेको सम्पूर्ण शैक्षिक योग्यताहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ। विदेशस्थित विश्वविद्यालयमा अध्ययन गरेका उम्मेदवारको हकमा समकक्षता हासिल गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

(५) कार्य अनुभव प्रमाणपत्र सम्बन्धित कार्यालयबाट जारी भएको हुनुपर्नेछ। कार्य अनुभवको विवरण पेश गर्दा कार्य सुरु गरेको समय देखि अन्तिमसम्मको अनुभव सिलसिलेवार रुपमा स्पष्ट अवधि खुल्ने गरी पेश गर्नु पर्नेछ।

(६) एकै समयमा एकभन्दा बढी निकायमा काम गरी दोहोरो कार्य अनुभव देखिने गरी प्रमाण पेश गरेको हकमा एक निकायमा काम गरेको अनुभवलाई मात्र गणना गरिनेछ।

(७) सरकारी वा संगठित संस्थाको कुनै पदमा बहाल भएको कर्मचारीले सम्बन्धित निकायको सहमतिपत्र पेश गर्नु पर्नेछ।

(८) व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजना अंग्रेजी टाईम्स न्यू रोमन फन्ट वा नेपाली युनिकोड फन्ट बाह्र साईजमा पाँच हजार शब्द नबढ्ने गरी तयार गर्नुपर्नेछ। व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनाको प्रत्येक पेजको पुच्छारमा पेज नम्बर उल्लेख गर्नु पर्नेछ। सो व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनाको ३ (तीन) प्रति सिलवन्दी गरी खामको बाहिर पट्टी  नाम, थर, ठेगाना उल्लेख गरी उम्मेदवारले दस्तखत गरेको हुनुपर्नेछ।

(९) व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनामा उम्मेदवारको पहिचान हुने गरी कुनै संकेत चिन्ह वा दस्तखत समावेश गर्न पाइनेछैन। व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनामा उम्मेदवारको पहिचान हुने गरी कुनै संकेत चिन्ह वा दस्तखत समावेश गरेको पाइएमा मूल्याङ्कन प्रक्रियाबाट हटाइनेछ।

(१०) अन्य विवरणहरु।

**९. व्यवसायिक रणनीतिक योजना तथा कार्ययोजना :** उम्मेदवारले व्यवसायिक रणनीतिक योजना तथा कार्ययोजना तयार गर्दा देहायका बुँदाहरुमा आधारित रही गर्नु पर्नेछ :-

(क) ऊर्जा विकासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिदृश्य,

- ऊर्जा उत्पादन, लगानी तथा विकासको राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिदृश्य,
- नेपालमा विद्युत उत्पादन र लगानीको वर्तमान अवस्था तथा चुनौती,
- नेपालमा रन अफ रिभर, रन अफ रिभर वीथ पोन्डेज तथा जलाशययुक्त जलविद्युत आयोजनाको वर्तमान अवस्था, आवश्यकता, संभाव्यता र महत्व,
- जलाशययुक्त जलविद्युत आयोजना विकासमा लगानी तथा कार्यान्वयनमा अवलम्वन गरिएका मोडलहरु र लगानीका श्रोतहरु,

(ख) नेपालमा जलविद्युत विकासको नीति तथा संस्थागत परिदृश्यः

- नेपालमा जलविद्युत विकासको नीति तथा कानूनी एवं संस्थागत व्यवस्था,
- जलाशययुक्त जलविद्युत विकासको लागि नीतिगत, कानूनी र संस्थागत सुधारका आवश्यकता,
- विद्युत क्षेत्रमा संलग्न सरकारी तथा सरकारी स्वामित्वमा रहेका संस्थानहरुको आवश्यकता, अन्तरसम्बन्ध र संस्थागत क्षमता वृद्धिको उपायहरु,

(ग) जलविद्युत आयोजनाको व्यवस्थापन र संस्थागत सुशासनः

- आयोजना चक्र र आयोजना व्यवस्थापनको (करार व्यवस्थापन, खरिद व्यवस्थापन, निर्माण व्यवस्थापन, वित्तीय व्यवस्थापन, संगठनात्मक व्यवस्थापन तथा मानव संसाधन व्यवस्थापन) नीतिगत एवं व्यावहारिक पक्षको विश्लेषण, जोखिम विश्लेषण,
- आयोजनाको व्यवस्थापनको लागि समन्वय र सहजीकरण सम्बन्धी कार्यहरु (अन्तरसरकारी निकाय, वैदेशिक निकाय, संस्थान, निजी क्षेत्र र प्रभावित समुदाय, आदि),
- जलाशययुक्त जलविद्युत आयोजना विकासमा प्राविधिक तथा व्यवस्थापकीय चुनौती, वातावरणीय तथा सामाजिक प्रभाव र त्यसको व्यवस्थापन,
- आयोजना व्यवस्थापनमा संस्थागत पारदर्शिता, जवाफदेहिता, सहभागिता, इमान्दारिता र नैतिकता प्रवर्द्धनको विषय,

(घ) बुढीगण्डकी जलविद्युत कम्पनीको व्यवसायिक रणनीतिक योजना र कार्ययोजना :

- कम्पनीको परिचय, उद्देश्य र लक्ष्य,

- कम्पनीको सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीको) विश्लेषण,
- कम्पनीको व्यवस्थापन तथा सञ्चालनको लागि आगामी विस्तृत व्यवसायिक योजना तथा आगामी चार वर्षको योजना, बजेट, स्वपूँजी र ऋण लगानीको प्रक्षेपण व्यस्थापन,
- कम्पनीको मध्यकालीन तथा दीर्घकालीन रणनीतिक मार्गचित्र,
- कम्पनीको आगामी चार वर्षको कार्यसम्पादनका क्षेत्रहरु तथा प्रत्येक वर्षको लागि कार्यसम्पादन सूचकका विषयहरु,
- सम्भावित जोखिमको लेखाजोखा,
- रचनात्मक तथा नवप्रवर्तनात्मक सुझावहरु र सन्दर्भ सामाग्रीको उल्लेखन

(ङ) व्यवसायिक रणनीतिक योजनाको कार्यान्वयन कार्ययोजना :

**१०. मूल्याङ्कन आधार र सोको अङ्कभार :** (१) छनौट समितिले प्रमुख कार्यकारी अधिकृतको छनौटका लागि मूल्याङ्कन गर्दा देहायका आधारमा कूल अङ्कभार १०० (एक सय) कायम गरी देहाय बमोजिमको अङ्कभारको आधारमा गर्नु पर्नेछ :-

| क्र.सं. | आधारहरु | अङ्क भार | अङ्क प्रदान गर्ने आधारहरु |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | १० | तोकिएको न्यूनतम शैक्षिक योग्यता वापत १०( दश) अङ्क प्रदान गरिनेछ। |
| २ | अनुभव | २० | • न्यूनतम कार्य अनुभव (१२ वर्ष सम्म) वापत एकमुष्ट १५(पन्ध्र) अङ्क<br>• पूर्वाधार सहित व्यवस्थापकीय अनुभव वा पूर्णकालीन अध्यापन वा अध्ययन अनुसन्धान वापतको प्रत्येक वर्षको १ (एक) अङ्कको दरले बढीमा ५ अङ्क<br>• न्युनतम कार्य अनुभव भन्दा माथिको अनुभवको अङ्क गणना गर्दा पुरा वर्ष अनुभव नभएमा दामासाहीको दरले अनुभव वापतको अङ्क गणना गरिनेछ।<br>• एकै समयमा एकभन्दा बढी निकायमा काम गरी दोहोरो कार्य अनुभव देखिएमा पेश भएको प्रमाण आधारमा कुनै एक निकायमा काम गरेको अनुभवलाई मात्र गणना गरिनेछ। |

| | | | |
|---|---|---|---|
| ३ | व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजना | ३० | दफा ९ बमोजिमको व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजना मूल्याङ्कन गर्दा देहायका आधारमा गरिनेछ :<br>• लेखन शैली<br>• विषयवस्तुको ज्ञान र विश्लेषण<br>• समस्याको पहिचान र समाधानका विकल्पहरु<br>• व्यावसायिक योजनामा समेटिएका क्षेत्र, विषय र सो को क्रमबद्धता<br>• जोखिम विश्लेषण तथा व्यवस्थापन<br>• कार्यान्वयन कार्ययोजना र कार्यान्वयन तालिका<br>• रचनात्मक र नवप्रवर्तनात्मक सुझावहरु |
| ४ | व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनाको प्रस्तुतिकरण | २० | • कार्ययोजना प्रतिको स्पष्टता<br>• कम्पनीको सबल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतीको विश्लेषण,<br>• विषय वस्तुको विश्लेषणात्मक बुझाई<br>• उदाहरण दिई सिलसिलेवार र तर्कपूर्ण प्रस्तुति<br>• प्रस्तुतिकरण शैली<br>• प्रश्नको उत्तर दिने क्षमता |
| ५ | अन्तर्वार्ता | २० | • विषयवस्तुको ज्ञान<br>• व्यक्तित्व र आत्मविश्वास<br>• व्यवस्थापन तथा नेतृत्व गर्ने क्षमता<br>• प्रश्नको उत्तर दिने शैली र जवाफ |

**११. छनौट प्रक्रिया** : बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(१) कम्पनीले सूचनामा उल्लिखित म्याद भित्र प्राप्त दरखास्त र दरखास्तसँग पेश भएका सम्पूर्ण कागजातहरु दरखास्त दिने म्याद समाप्त भएको ३ (तीन) कार्य दिन भित्र छनौट समितिमा पठाउनु पर्नेछ ।

(२) छनौट समितिले दरखास्तसाथ पेश भएको न्यूनतम शैक्षिक योग्यता, कार्य अनुभव, स्वः घोषणा लगायतका अन्य कागजातहरु रुजु/परीक्षण गरी न्यूनतम योग्यता पुगेका उम्मेदवारको स्वीकृत नामावली कम्पनीको वेवसाइटमा प्रकाशन गर्नु पर्नेछ । तोकिएको न्यूनतम योग्यता नपुगेका तथा आवश्यक कागजातहरु सलंग्न नभएमा उम्मेदवारहरुको दरखास्तलाई अस्वीकृत गरी छनौट प्रक्रियामा समावेश गरिने छैन । दरखास्त स्वीकृत वा अस्वीकृत गर्ने अन्तिम अधिकार छनौट समितिलाई हुनेछ ।

(३) छनौट समितिले उम्मेदवारको शैक्षिक योग्यता र कार्य अनुभवलाई यस कार्यविधि बमोजिमको मूल्याङ्कनको आधारमा अङ्क दिई शैक्षिक योग्यता र कार्य अनुभवको प्राप्तांकको तालिका बनाउनु पर्नेछ। यसरी तयार गरेको मूल्याङ्कन तालिकालाई सिलबन्दी गरी राख्नु पर्नेछ।

(४) उम्मेदवारले पेश गरेको व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजना छनौट समितिले स्वीकृत गरेको विज्ञहरुको रोष्टरमध्येबाट २ जना विज्ञबाट मूल्याङ्कन गराउनु पर्नेछ। यसरी मूल्याङ्कनको लागि पठाउँदा उम्मेदवारको परिचय हटाई कोडिङ्ग गरी मूल्याङ्कन फाराम सहित गोप्यरुपमा विज्ञलाई पठाउनु पर्नेछ। दफा १० बमोजिमको मूल्याङ्कनको आधारमा प्रत्येक विज्ञले व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनाको मूल्याङ्कन गरी प्राप्तांक तालिका (Mark Sheet) लाई सिलबन्दी गरी छनौट समितिमा बुझाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम विज्ञहरुबाट प्राप्तांक तालिकालाई छुट्टै फाराममा प्रविष्ट गरी व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजना बापतको औसत अङ्क निकालिनेछ। यसलाई उम्मेदवारले व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजना वापत प्राप्त गरेको अङ्क मानिनेछ।

(६) शैक्षिक योग्यता, कार्य अनुभव र व्यावसायिक रणनीतिक योजना तथा कार्य योजनाको मूल्याङ्कनमा उम्मेदवारले प्राप्त गरेको अङ्कलाई जोडी कुल प्राप्तांक गणना गरी योग्यताक्रमको तालिका बनाउनु पर्नेछ। शैक्षिक योग्यता, कार्य अनुभव र व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनाको मूल्याङ्कनबाट कूल प्राप्तांककमा अधिकतम अङ्क प्राप्त गर्ने योग्यताक्रममा रहेका बढीमा ५ जना उम्मेदवारलाई बर्णानुक्रम बमोजिम व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनाको प्रस्तुतिकरण तथा अन्तर्वार्ताको लागि छनौट गरिनेछ। यसरी मूल्याङ्कनमा प्राप्त अङ्क तालिकालाई सिलबन्दी गरी राख्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको छनौटमा परेका उम्मेदवारहरुलाई निजहरुले पेश गरेको व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनाको प्रस्तुतिकरण र अन्तर्वार्ताको लागि कम्तिमा ७ (सात) दिनको सूचना दिई मिति, समय र स्थान तोकी कार्यक्रम प्रकाशन गर्नु पर्नेछ र सोको जानकारी उम्मेदवारलाई दिनु पर्नेछ। यसरी तोकिएको मिति, समय र स्थानमा व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजना प्रस्तुतिकरण र अन्तर्वार्ता कार्यक्रममा उम्मेदवारहरु समावेश हुनु पर्नेछ।

(८) उम्मेदवारले प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी हुन आउँदा दरखास्तसाथ पेश गरेको शैक्षिक योग्यता, कार्य अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति साथै लिई आउनु पर्नेछ।

(९) छनौट समितिका प्रत्येक सदस्य तथा विज्ञले व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनाको प्रस्तुतिकरणको मूल्याङ्कन गरी अङ्क दिई प्रत्येक मूल्याङ्कन फारामको पछाडि सबै मूल्याङ्कनकर्ताले दस्तखत गरी सिलबन्दी गरी राखु पर्नेछ। व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनाको प्रस्तुतिकरणको मूल्याङ्कनमा तोकिएको पूर्णाङ्कको ४०% भन्दा कम र ७०% भन्दा

बढी अङ्क दिनु परेमा कारण खुलाउनु पर्नेछ। कारण नखुलाई ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिएकोमा घटीमा ४०% र बढीमा ७०% अङ्क कायम गरी गणना गरिनेछ।

(१०) छनौट समितिका प्रत्येक सदस्य तथा विज्ञले अन्तर्वार्ता लिई अन्तर्वार्ताको अङ्क दिई प्रत्येक मूल्याङ्कन फारामको पछाडि सबै मूल्याङ्कनकर्ताले दस्तखत गरी सिलबन्दी गरी राखुपर्नेछ। अन्तर्वार्ताको मूल्याङ्कनमा मूल्याङ्कनकर्ताले तोकिएको पूर्णाङ्कको ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिनु परेमा कारण खुलाउनु पर्नेछ। कारण नखुलाई ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिएकोमा घटीमा ४०% र बढीमा ७०% अङ्क कायम गरी गणना गरिनेछ।

(११) अन्तर्वार्ता सम्पन्न भएपछि दफा ११ को उपदफा ६ बमोजिम शैक्षिक योग्यता, कार्य अनुभव र व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनाको प्राप्तांक उपदफा ९ बमोजिम व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनाको प्रस्तुतिकरण र उपदफा १० बमोजिम अन्तर्वार्ताको प्राप्तांक सिलबन्दी खाम छनौट समितिले खोल्नुपर्नेछ। व्यावसायिक रणनीतिक योजना र कार्ययोजना प्रस्तुतिकरणमा मूल्याङ्कनकर्ताले दिएको अङ्कहरुलाई जोडी उम्मेदवारले प्राप्त गरेको औषत अङ्क निकाल्नुपर्नेछ। त्यसैगरी अन्तर्वार्तामा मूल्याङ्कनकर्ताले दिएको अङ्कहरुलाई जोडी उम्मेदवारले प्राप्त गरेको औषत अङ्क निकाल्नुपर्नेछ। शैक्षिक योग्यता, कार्यअनुभव, व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनाको मूल्याङ्कन, व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनाको प्रस्तुतिकरण र अन्तर्वार्ताको प्राप्तांकलाई जोडी प्रत्येक उम्मेदवारले प्राप्त गरेको कूल प्राप्तांक गणना गरी उम्मेदवारको प्राप्तांकको योग्यताक्रम निर्धारण गरिनेछ।

(१२) उपदफा ११ बमोजिम योग्यताक्रममा परेको सबैभन्दा बढी अङ्क प्राप्त गर्ने बढीमा ३ (तीन ) जना उम्मेदवारलाई योग्यताक्रम अनुसार छनौट समितिले सञ्चालक समिति समक्ष नियुक्तिका लागि सिफारिस गर्नु पर्नेछ।

**१२. प्रमुख कार्यकारी अधिकृतको नियुक्ति :** (१) छनौट समितिबाट सिफारिस भई आएका उम्मेदवारहरु मध्येबाट सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्ति गर्न सक्नेछ।

**१३. विज्ञको छनौट :** छनौट समितिले व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनाको मूल्याङ्कन, व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनाको प्रस्तुतिकरण र उम्मेदवारको अन्तरवार्ताको लागि विज्ञ छनौट गर्न विज्ञको रोष्टर तयार गरी स्वीकृत गर्नेछ। स्वीकृत रोष्टर मध्येबाट व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजनाको मूल्याङ्कन, सोको प्रस्तुतिकरण र अन्तर्वार्ता कार्यको लागि विज्ञ तोक्ने अधिकार छनौट समितिको संयोजकलाई हुनेछ। यसरी विज्ञ तोक्दा एउटा काममा संलग्न गराइएको विज्ञलाई अर्को चरणको काममा संलग्न गराइने छैन।

**१४. आवश्यक सहयोग लिन सक्ने :** छनौट समितिले प्रमुख कार्यकारी अधिकृतको छनौट प्रक्रियामा सहयोग गर्न आवश्यकता अनुसार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र कम्पनीका कर्मचारीहरुलाई आमन्त्रण गर्न सक्नेछ । साथै छनौट समितिले यस कार्यको लागि आवश्यकता अनुसार बैठक गर्न सक्नेछ र उक्त बैठकमा आवश्यकता अनुसार अन्य कर्मचारीहरुलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

**१५. खर्च सम्बन्धी व्यवस्था :** प्रमुख कार्यकारी अधिकृतको छनौट कार्यका लागि आवश्यक सूचना प्रकाशन, विज्ञको पारिश्रमिक, वैठक भत्ता र अन्य प्रशासनिक तथा लजिष्टिक लगायतका सम्पूर्ण खर्च कम्पनीले व्यहोर्नेछ ।

**१६.गोपनियता कायम गर्नुपर्ने :** छनौट समितिका सदस्य तथा विज्ञले प्रमुख कार्यकारी अधिकृतको छनौट सम्बन्धी सम्पूर्ण प्रक्रिया तथा सो सँग सम्बन्धित कागजातहरुको गोपनियता कायम राख्नु पर्नेछ । दरखास्त पेश गर्ने उम्मेदवारहरु छनौट समितिका सदस्य तथा विज्ञको कोही नाता (बाबु, आमा, पति, पत्नी तथा छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, जेठाजू, देवर, जेठानी, देउरानी, आमाजू, नन्द, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानोबुबा-सानीआमा, साढु दाइ-भाइ, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजू-ज्वाँई, मामा-माइज्यु, फुपू-फुपाजु, साला-साली र तिनका छोराछोरी लगायत) पर्ने भएमा सोको जानकारी समयमै छनौट समितिलाई दिई स्वघोषणा गर्नुपर्नेछ । यस्तो सदस्य तथा विज्ञ निजको छनौट प्रक्रियामा सहभागी हुन पाउनेछैन ।

**१७. छनौट सम्बन्धी कागजात गोप्य रहने :** यस कार्यविधि बमोजिम प्रमुख कार्यकारी अधिकृतको छनौट सम्बन्धमा, दरखास्त, कार्य अनुभव, शैक्षिक योग्यताको प्राप्ताङ्क र व्यावसायिक रणनीतिक योजना तथा कार्ययोजना, सोको परीक्षण, विज्ञ छनौट, अन्तर्वार्तामा प्राप्त अङ्क तथा अङ्क गणना लागायतका छनौट सम्बन्धी कागजात प्रचलित कानूनले तोकेको अवधिसम्म गोप्य राखु पर्नेछ ।

अनुसूची -१

प्रमुख कार्यकारी अधिकृतको उम्मेदवारको

दरखास्त फाराम

**उम्मेदवारको विवरण**

| उम्मेदवारको फोटो |
|---|

१. उम्मेदवारको पूरा नाम, थरः

२. पदः

३. स्थायी ठेगाना:

(क) प्रदेश: ...................... (ख) जिल्ला ...........................

(ग) न.पा./गा.पा. ......................... (घ) वडा नं. .............

(ङ) पत्राचार गर्ने ठेगाना: ......................... (च) मोवाइल नं. .............................

(छ) इमेल: .........................

४. हाल बसोबास गरेको ठेगाना:

(क) प्रदेश :...................... (ख) जिल्ला: .........................

(ग) न.पा./गा.पा. ............................. (घ) वडा नं: ......................

५. बाजेको पूरा नाम, थरः

६. बाबुको : (क) पूरा नाम,थर समेतः......................... (ख) पेशाः .......................

(ग) ठेगाना: .........................

७. आमाको: (क) पूरा नाम,थर समेतः......................... (ख) पेशाः .......................

(ग) ठेगाना: .........................

८. विवाहितको हकमा पति वा पत्नीको: (क) पूरा नाम,थर समेतः......................... (ख) पेशाः .......................

(ग) ठेगाना: .........................

९. जन्म मितिः.........................

१०. नागरिकता नं: ......................... जारी मिति: ......................... जिल्ला: .........................

११. शैक्षिक योग्यता (आवश्यक न्युनतम योग्यता, थप शैक्षिक योग्यता र सो भन्दा माथिको शैक्षिक योग्यता):

| क्र.सं. | उत्तीर्ण भएको परीक्षा | परीक्षा लिने संस्थाको नाम, ठेगाना | परीक्षा उत्तीर्ण गरेको वर्ष | प्राप्त श्रेणी र कूल प्राप्ताङ्क प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

१२.कार्य अनुभव सम्बन्धी विवरणः

| क्र.सं. | पद | कार्यालय/संस्था/निकायको नाम | कार्यअनुभवको क्षेत्र | काम गरेको समय | | कार्यअनुभवको अवधि | सम्पादन गरेको मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१३. संलग्न कागजातहरु :

(१) - (.... पाना)
(२) - (.... पाना)
(३) - (.... पाना)
(४) - (.... पाना)
(५) - (.... पाना)
(६) - (.... पाना)

माथि उल्लिखित सम्पूर्ण विवरणहरू ठिक साँचो छन्। यी विवरणलाई पुष्टयाई गर्ने शैक्षिक योग्यता र कार्य अनुभवका प्रमाणपत्रका प्रतिलिपीहरु यसै साथ संलग्न गरी पेश गरेको छु। यो पदमा उम्मेदवारी दिन अयोग्य नरहेको स्वः घोषणा गर्दछु। उम्मेदवारको लागि तोकिएको न्यूनतम योग्यता पूरा नभई दरखास्त अस्वीकृत भएमा मेरो मन्जुरी छ। यसमा फरक परेमा कानून बमोजिम सहुँला बुझाँउला।

उम्मेदवारको नामः

हस्ताक्षरः

मिति : २०८१ /  /  /

ल्याप्चे सहिछाप

| दाँया | बाँया |
|---|---|
| | |

# अनुसूची -२

## स्वःघोषणा

म बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदमा उम्मेदवार हुन देहाय बमोजिमको अयोग्य नभएको स्वःघोषणा गर्दछु । कुनै पनि कारणबाट यो स्वःघोषणा बमोजिम नभएको प्रमाणित भएमा कानून बमोजिम कारबाही भएमा मेरो मञ्जुरी छ।

(क) गैर नेपाली नागरिक,

(ख) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(घ) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको वा दामासही नपरेको वा त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन बर्ष पूरा नभएको,

(ङ) आफू वा आफ्नो एकाघरको परिवारको सदस्य विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारमा संलग्न अन्य कुनै कम्पनी वा त्यस्तो कम्पनीको सहायक कम्पनी, फर्म वा संस्थाको संस्थापक शेयरधनी वा सञ्चालक, लेखापरीक्षक वा सल्लाहकारको हैसियतमा संलग्न नरहेको वा त्यस्तो हैसियतबाट अलग भई सकेको,

(च) व्यक्तिगत बेरुजू वा सरकारी रकम बक्यौता रहेको र कर चुक्ता प्रमाणपत्र नपाएको,

(छ) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(ज) कुनै राजनीतिक दलको सदस्य वा पदाधिकारी भएको।

दस्तखतः

नाम: